नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## अर्घाखाँची

पत्र संख्याः

चलानी नं.

**जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको सूचना**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस रोग (COVID-19) का कारण मिति २०७६।१२।११ गते देखि नेपालभर अत्यावश्यक पर्दा बाहेक घर बाहिर ननिस्कन भनी गरिएको आदेशको प्रभावकारी कार्यान्वयन एवं अत्यावश्यक सेवाको सुचारु व्यवस्थापनको लागि निम्नानुसार सूचना प्रकाशित भएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको लागि सूचित गरिन्छ ।

**निम्नः-**

१. औषधी तथा औषधीन्य वस्तु र स्वास्थ्य उपकरण, खाद्यान्न, तरकारी, फलफुल, माछामासु, दुध, पानी, सरसफाईका वस्तुहरु, चिनी, तेल, पशुपंक्षी, माछाको दाना, कुखुराको चल्ला ढुवानी गर्ने र फर्केर जाने साधनलाई सुचारु गर्ने, इन्धन जस्ता वस्तुहरुको उत्पादन गर्ने सरकारी तथ निजी उद्योगहरु र बिक्री वितरण गर्ने थोक तथा खुद्रा बिक्रि केन्द्र (पसल) हरु नियमित संचालन गर्ने । उल्लेखित वस्तुहरु र तिनको कच्चापदार्थको ढुवानीमा संलग्न सवारी साधनहरु बजारसम्म वा बजारबाट आफ्नो गन्तव्यसम्म निर्वाध रुपमा आवागमन गर्ने । यस्ता सवारी साधनहरुले यात्रु ओसारपसार गर्न नपाउने।

२. स्थानीय तहहरुले वडास्तरमा दुध, तरकारी, फलफुल लगायत अन्य खाद्यवस्तु बिक्रि वितरण गर्ने पसलहरुमा भीडभाड नहुने, मास्क र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरुबीच भौतिक दूरी कायम हुने गरी संचालन गर्न सहजीकरण गर्ने र बिक्रेताले ग्राहकहरुबीच दुरिको व्यवस्था मिलाउने, यस सम्बन्धमा उपभोक्ता स्वयं सचेत र सजग हुने, सञ्चार माध्यम र सुरक्षाकर्मीले सचेतना अभिवृद्धि गर्न आवश्यक कार्य गर्ने ।

३. ठूला खाद्य स्टोर तथा पसलहरुले आवश्यक खाद्यवस्तुहरु होम डेलिभरी गर्ने व्यवस्था मिलाउने ।

४. स्थानीय तहहरुले आ-आफ्नो वडाहरुमा तेस्रो मुलुक र भारतबाट आएका व्यक्तिहरुको स्वास्थ्य सम्बन्धि विवरण सहितको अभिलेख प्रत्येक दिन अद्यावधिक गर्ने व्यवस्था मिलाउने ।

५. स्थानीय स्वास्थ्य संयोजकले COVID-19 को लक्षण देखिएका व्यक्तिहरुको विवरण प्रत्येक दिन प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउने ।

६. स्थानीय तहहरुले क्वारेन्टाइनको व्यवस्था मिलाउने र सबै स्थानीय तहहरुले बिदेशबाट आएका व्यक्तिहरुमध्ये घरमा आइपुगेको १४ दिन ननाघेका व्यक्तिहरुलाई क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउने ।

७. सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा अनिवार्य रुपमा Chlorine र Bleaching Powder लगायतका Disinfectant नियमित छर्ने व्यवस्था गर्ने ।

८. अत्यावश्यक औषधी र स्वास्थ्य उपकरण वा सामाग्री, खाद्यबस्तु, खानेपानी, दुध, इन्धन उत्पादन गर्ने सहकारी तथा निजी उद्योगहरुबाट उत्पादित उत्पादनहरु विलविजकको आधारमा बजार गन्तव्य सम्म जान दिने र फर्कदा विलविजकको फोटोकपीका आधारमा उत्पादन स्थलसम्म निर्वाध रुपले फर्कन दिने । उल्लेखित उद्योग संचालन गर्दा संक्रमण जोखिमलाई मध्यनजर गरी कर्मचारी र कामदारका लागि स्यानिटाइजर र मास्कको व्यवस्था मिलाइदिने।

९. उल्लेखित उद्योगहरुमा कार्यरत कामदारहरुलाई कारखानामा आउँदा वा निवासमा फर्कदा उद्योग व्यवस्थापनले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्ने दिने ।

२०७६।१२।१२

प्रमुख जिल्ला अधिकारी



Ph: 077-420133 | 077-420208 | 077-420731 | Fax: 077-420209 | Toll Free: 1660 77-42042 | Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np | arghakhanchidao@gmail.com | Website: daoarghakhanchi.moha.gov.np